नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : म.बै./३२१/ ३८५५

मितिः २०७८/९/३०

सुरक्षा
१-
१११२

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

कोभिड-१९ सम्बन्धी विषय म.प.बै.सं. ६१/०७८ मिति २०७८/९/३० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोनसहितको सङ्क्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्नेः-

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप संवत् २०७८ साल माघ मसान्तसम्म सञ्चालन नगर्ने।

२. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रूपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी सञ्चालन गर्ने। साथै त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा संवत् २०७८ साल माघ ७ गते पश्चात् त्यस्तो कार्यक्रममा खोपको पूरा मात्रा लगाएका व्यक्तिहरू मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउने।

   <u>स्पष्टीकरणः</u> यस आदेशको प्रयोजनको लागि "एन्टिजेन परीक्षण" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत वा सूचीकृत एन्टिजेन, र्‍यापिड एन्टिजेन वा र्‍यापिड एन्टिजेन (सेल्फ टेस्टिङ) परीक्षण सम्झनु पर्छ।

३. सिनेमा हल, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल माघ १५ गतेसम्म सञ्चालन नगर्ने।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

४. विद्यालय, विश्वविद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा संवत् २०७८ माघ १५ गतेसम्म भौतिक रूपमा उपस्थितिमा सञ्चालन नगर्ने। त्यस्ता शैक्षिक क्रियाकलाप भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरू अपनाई सञ्चालन गर्ने।

५. विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

६. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

७. सपिङ मल, डिपार्टमेण्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रूपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सञ्चालन गर्ने। जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने-गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने।

८. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक-तिहाईमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिई विवाह, ब्रतबन्ध, न्वारान तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्न दिने।

९. रङ्गशालामा दर्शकसहितको खेलकुद कार्यक्रम गर्दा एक पटकमा कुल क्षमताको एक-तिहाई मात्र उपस्थित रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने। उपस्थित दर्शकहरू मध्ये आयोजकको खर्चमा एक-तिहाई दर्शकलाई रेन्डम छनोटको आधारमा एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने। संवत् २०७८ साल माघ ७ गते पश्चात् त्यस्तो खेलकुद कार्यक्रममा खोपको मात्रा पूरा गरेका व्यक्तिहरूलाई मात्र खोप-कार्डको आधारमा रङ्गशालामा प्रवेश गर्न दिने।

१०. धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा

सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्दा पचास जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने।

११. माथि उल्लेख भए बाहेकका एक पटकमा पच्चीस जना भन्दा बढी जम्मा हुने क्रियाकलाप सञ्चालन गर्नु परेमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृतिमा जनस्वास्थ्यका मापदण्डलगायत सम्बन्धित प्रमुख जिल्ला अधिकारीले तोकेका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिएर मात्र सञ्चालन गर्ने।

१२. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहायबमोजिम गर्नेः-

(क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

(ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

(ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

(घ) चालक तथा सहचालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने,

(ङ) सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्नु पर्ने,

(च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

(छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

(ज) लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरूको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने।

(झ) लामो दूरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरूलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने।

१३. आन्तरिक हवाई उडान सञ्चालन सम्बन्धमा देहायबमोजिम गर्नेः-

(क) चालक दल तथा सबै यात्रुलाई मास्क तथा फेस-सिल्ड अनिवार्य गर्ने,

(ख) हवाई जहाजभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

(ग) प्रत्येक उडान पछि हवाई जहाज र व्यागेज निसङ्क्रमित गर्नुपर्ने,

(घ) चेक-इन, बोर्डिङ, ब्यागेज क्लेम गर्ने स्थान तथा प्रतिक्षालयमा भिडभाड हुन नदिने र जनस्वास्थ्यका मापदण्ड लागू गर्ने,

(ङ) सम्बन्धित वायु सेवा सञ्चालकको खर्चमा यात्रुहरूको एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्रा यात्रा गराउने।

१४. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

१५. होटेल तथा रेष्टुरेण्टले देहायबमोजिमका मापदण्ड पालना गरी सेवा दिनेः-

(क) होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रूपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,

(ख) होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

(ग) कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

(घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

(ङ) होटेल तथा रेष्टुरेण्टलाई नियमित रूपमा निसङ्क्रमित गर्नु पर्ने,

(च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने,

(छ) संवत् २०७८ साल माघ ७ गते पछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने,

(ज) होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण डिसिसिएमसीलाई उपलब्ध गराउने।

१६. राष्ट्रिय राजमार्गहरूमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरूले बुँदा नं.१५ को खण्ड (छ) बाहेकका जनस्वास्थ्यका अन्य मापदण्डहरू पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने।

१७. सबै प्रकारका व्यवसायहरूको अग्रपङ्क्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरूलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले

हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने।

१८. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिह्न वा लक्षण देखिएमा अनिवार्य रूपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने।

१९. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

२०. नेपाल राष्ट्र बैङ्कले सबै बैङ्क तथा वित्तीय संस्थामा सेवा तथा कार्यको लागि विद्युतीय भुक्तानी प्रणाली लागू गर्न सहजीकरण गर्ने। सेवा शुल्क र महसुल अग्रीम वा एकमुष्ट रूपमा बुझाउन चाहनेलाई सोबमोजिम गर्न सक्ने गरी व्यवस्था मिलाउने।

२१. नियमित रूपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरू जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने।

२२. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमन सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देहायबमोजिम गर्ने:-

(क) कोभिड-१९ को सङ्क्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि राष्ट्रिय मापदण्ड तथा जनशक्ति परिचालनसहितको प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्ने-गराउने।

(ख) अस्पतालमा निश्चित बेड छुट्याई कोभिड केयर युनिटमा सेवा दिने सम्बन्धमा आवश्यक आदेश जारी गर्ने।

(ग) दुई सय भन्दा बढी बेड क्षमता भएका सरकारी, सामुदायिक, निजी, गैरसरकारी (निजी मेडिकल कलेज, प्रतिष्ठान अस्पताल समेत) अस्पतालसँग सङ्क्रमितको उपचारका लागि सेवा सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानी गर्ने।

(घ) सङ्क्रमणको जोखिमको अवस्था हेरी सार्वजनिक, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, जनशक्ति, औजार, उपकरण, भवन तथा स्थान स्वास्थ्य सेवा र कार्यको लागि प्रयोग गर्न सक्ने।

(ङ) संस्थागत आइसोलेसन (डिसिसिएमसीको निर्णयबमोजिम तोकिएका होटेल आइसोलेसन समेत) मा रु. २,०००।- (दुई हजार), अस्पतालको आइसोलेसनमा रु. ३,५००।- (तीन हजार पाँच सय), मध्यम जटिल केसको उपचारको लागि रु. ७,०००।- (सात हजार) र गम्भीर

बिरामीको आइ.सी.यु.मा भेन्टिलेटरसहितको उपचारको लागि रु. १५,०००।- (पन्ध्र हजार) प्रति व्यक्ति प्रति दिन निर्धारित ढाँचाको प्रतिवेदन अनुसार प्रत्येक महिनाको पहिलो हप्तामा उपचार खर्चको शोधभर्ना भुक्तानी गर्ने।

(च) केस इन्भेस्टिगेसन तथा कन्टयाक्ट ट्रेसिङ र आइसोलेसन व्यवस्थापनमा लागेको खर्च निर्धारित ढाँचाको प्रतिवेदनअनुसार प्रत्येक महिना सम्बन्धित स्थानीय तहलाई शोधभर्ना भुक्तानी गर्ने।

(छ) प्रवेश बिन्दुमा गरिने हेल्थ डेस्क सञ्चालन र स्क्रिनिङ, सङ्क्रमितका लागि यातायात व्यवस्था र संस्थागत आइसोलेसन व्यवस्थापनमा लागेको खर्च प्रतिवेदनअनुसार प्रत्येक महिना सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयलाई शोधभर्ना दिने।

(ज) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेका प्रयोगशाला र अस्पतालले सो मन्त्रालयले जारी गरेको कोभिड-१९ सम्बन्धी परीक्षण निर्देशिका र उपचार प्रोटोकलबमोजिम कोभिड-१९ को परीक्षण तथा उपचार निःशुल्क रूपमा गर्ने।

(झ) सम्बन्धित आधिकारिक निकायबाट स्वीकृत वा अनुमति प्रदान गरिएका खोप प्राप्त गर्न योग्य सबै उमेर समूहलाई खोपको व्यवस्था गर्ने।

(ञ) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएका मापदण्ड, योजना तथा आदेश सबै सङ्घीय निकाय, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक तथा निजी सङ्घ-संस्थाले पालना गर्नु पर्ने।

(ट) सम्बन्धित प्रदेश सरकारको समन्वयमा होल्डिङ सेन्टरको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ठ) होल्डिङ सेन्टर निर्माण गर्ने गरी यस पूर्व तोकिएका अन्तर्राष्ट्रिय स्थल नाकामा होल्डिङ सेन्टर निर्माण नभएसम्मका लागि संस्थागत आइसोलेसन वा होटेल आइसोलेसनका लागि डिसिसिएमसीमार्फत आवश्यक समन्वय गर्ने।

(ड) कोभिड-१९ विरुद्धको खोप सम्बन्धमा देहायको व्यवस्था गर्नेः-

(१) १८ वर्षदेखि माथिका उमेर समूहका सबै व्यक्तिलाई खोप केन्द्र वा घुम्ती (मोबाइल) खोपकेन्द्रमार्फत संवत् २०७८ साल चैत मसान्तसम्म पूर्ण मात्रामा खोप लगाउने,

(ग) होल्डिङ सेन्टर, संस्थागत आइसोलेसन र संस्थागत क्वारेन्टिनको व्यवस्थापन गर्ने।

(घ) होल्डिङ सेन्टरको व्यवस्थापनको लागि मुख्यमन्त्री वा स्वास्थ्य विषय हेर्ने मन्त्रीको अध्यक्षतामा होल्डिङ सेन्टर व्यवस्थापन समिति गठन गर्ने र सो समितिमा आवश्यकताअनुसार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई आमन्त्रण गर्ने,

(ङ) आधारभूत अस्पताल, जिल्ला अस्पताल र प्रादेशिक अस्पतालमा गरिने सङ्क्रमितको उपचार व्यवस्थापनको समन्वय र अनुगमन गर्ने।

(च) उपचार सम्बन्धमा अस्पताल व्यवस्थापन (प्रयोगशाला, अक्सिजन तथा भेन्टिलेटरसमेत), रेफरल, एम्बुलेन्स र एयर लिफ्टसमेतको व्यवस्था मिलाउने।

(छ) प्रादेशिक स्वास्थ्य आपत्कालीन केन्द्र सञ्चालन गर्ने। प्रदेशस्तरीय जोखिम मूल्याङ्कन गरी सोको प्रतिवेदन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा प्रत्येक हप्ता पठाउने।

(ज) प्रदेशभित्र चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकताअनुसार स्वयम्सेवक परिचालन गर्ने गराउने।

(झ) क्वारेन्टिन, आइसोलेसन, केस इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायतका कार्यको लागि अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनको आवश्यक व्यवस्था मिलाउने।

(ञ) प्रदेश भित्रका जिल्ला खोप समन्वय समितिहरूसँग समन्वय गरी खोप नपाउने व्यक्तिहरू पहिचान गरी कोभिड विरुद्ध खोप लगाउने अभियानलाई तीव्रता दिने र कोभिड विरुद्धको खोपको कभरेज वृद्धि गर्ने तथा खोप लगाउन योग्य नागरिकहरूलाई खोप उपलब्ध लगाउने व्यवस्था मिलाउने।

२४. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहायबमोजिम गर्नेः-

(क) १५ बेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग सङ्क्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सिफारिस गरी पठाउने।

(ख) आधारभूत अस्पतालका संरचना नभएका स्थानीय तहले न्यूनतम पाँच बेडको अस्पताल सञ्चालन गर्ने।

(ग) होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुऱ्याउने काममा सहजीकरण गर्ने।

(घ) कोभिड-१९ को चिह्न तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको पी.सी.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने। नतिजा पोजिटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने।

(ङ) आफ्नो स्थानीय तहभित्र स्वाब सङ्कलन गर्ने व्यवस्था मिलाउने तथा प्रत्येक वडामा भिडभाड हुन सक्ने स्थान वा हटस्पट पहिचान गरी निःशुल्क टेस्ट गर्ने तथा टेस्टको रिपोर्टिङ गर्ने व्यवस्था गराउने।

(च) स्थानीय तहको स्वास्थ्य केन्द्रमा अनिवार्य रूपमा सातै दिन न्यूनतम १२ घण्टा सञ्चालन हुने गरी कोभिड-१९ विरुद्धको खोप केन्द्र र एन्टिजेन परीक्षणको बुथ राख्ने। साथै महानगरपालिका, उप-महानगरपालिका तथा नगरपालिकाले जनघनत्वको आधारमा थप खोपकेन्द्रहरू राख्नु पर्ने। खोप लगाउने कार्यमा स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थाका चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकताअनुसार स्वयम्सेवक परिचालन गर्ने गराउने।

(छ) स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने।

(ज) कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृतिअनुसार सम्बन्धित परिवार वा समुदायले पच्चीस जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने। तर सोबमोजिम गर्न सम्भव नभएमा "कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७६" अनुसार नेपाली सेनाले गर्ने।

(झ) क्वारेन्टिन, आइसोलेसन, केस इन्भेस्टिगेसन, कन्ट्याक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षणलगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने।

(ञ) सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था मिलाउने।

(ट) आफ्नो पालिकामा खोप नपाउने व्यक्तिहरू पहिचान गरी कोभिड-१९ विरुद्ध खोप लगाउने अभियानलाई तीव्रता दिई पूर्ण खोप अभियान सञ्चालन गर्ने तथा थप जनशक्ति परिचालनसमेत गरी सिफारिस गरिएका खोप लगाउन योग्य नागरिकहरूलाई खोप लगाउने ब्यवस्था गरी नियमित खोप केन्द्रहरू सञ्चालन गर्ने ।

(ठ) निकट भविष्यमा खोप प्राप्त गर्ने ५ वर्षदेखि ११ वर्ष सम्मका बालबालिकाको पहिचान र सूची तयार गर्ने र उपलब्ध हुनासाथ लगाउने तयारी गर्ने।

(ड) सार्वजनिक स्थानमा वा सार्वजनिक सेवा प्रदान गर्दा खोप कार्डलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने ।

(ढ) उपर्युक्त कार्यहरूमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति, टोलस्तरमा गठन भएका कोभिड-१९ सहजीकरण समूह तथा उपभोक्ता समितिलाई परिचालन गर्ने र त्यस्ता समिति वा समूह गठन नभएको अवस्थामा आवश्यकताअनुसार त्यस्ता समिति वा समूह गठन गरी परिचालन गर्ने।

२५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोलस्तरमा गठन भएका कोभिड-१९ सहजीकरण समूह, टोल सुधार समिति वा उपभोक्ता समितिले देहायबमोजिम गर्ने:-

(क) कोभिड-१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरू पालना गर्न प्रोत्साहन गर्ने।

(ख) परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने,

(ग) क्वारेन्टिन वा आइसोलेसनमा बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने।

(घ) घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकताअनुसार स्वास्थ्यसम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकताअनुसार फलो-अप गर्ने र सूचना अद्यावधिक गर्न कन्ट्याक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने।

(ङ) दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरू पालना भए नभएको सूचना स्थानीय तहलाई दिने।

(च) साठी वर्ष माथिका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानुपर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने।

(छ) कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय सङ्घ संस्था, क्लब, शिक्षक तथा स्वयम्सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने।

(ज) खोप अभियानमा आवश्यक सहयोग गर्ने।

२६. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्नेः-

(क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रूपमा पालना गर्ने।

(ख) घर बाहिर निस्कँदा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने।

(ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने।

(घ) विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रूपमा बस्ने।

(ङ) पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने।

(च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने।

(छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने।

(ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

(झ) नेपाल सरकारले तोकेबमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने।

२७. यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन सङ्क्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने र सोको लागि निजले आवश्यकताअनुसार स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकारसमेत प्रयोग गर्ने।

२८. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि प्रमुख जिल्ला अधिकारीले सङ्क्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ ले दिएका अधिकारको प्रयोग गर्नुका अतिरिक्त देहायका कार्यहरूसमेत गर्ने:-

(क) यस आदेशबमोजिम निषेध, नियन्त्रण र नियमन गरिएका काम कारबाही सोबमोजिम भए-नभएको र यस आदेशको पालना भए-नभएको अनुगमन गरी सोको परिपालना गर्ने-गराउने।

(ख) अन्तर्राष्ट्रिय स्थलगत सीमा नाकाबाट प्रवेश गर्ने व्यक्तिलाई क्वारेन्टिन, आइसोलेशन वा गन्तव्यमा पुऱ्याउन स्थानीय तहलाई आवश्यक सहयोग पुऱ्याउने।

(ग) यस आदेशबमोजिम आवश्यक संयन्त्र निर्माण भए नभएको, जनशक्ति परिचालन गरे-नगरेको, स्वास्थ्य सेवा, एम्बुलेन्स, शव वाहन, ढुवानीलगायतका अन्य अत्यावश्यक व्यवस्था गरे-नगरेको अनुगमन गर्ने र सो कार्यमा आवश्यक सहयोग तथा सहजीकरण गर्ने-गराउने।

(घ) व्यक्ति र समुदाय स्तरबाट गरिने क्रियाकलापको नियमित अनुगमन तथा मार्ग निर्देशन गर्ने।

(ङ) आफ्नो जिल्लाभित्र यो आदेश तथा जनस्वास्थ्यका मापदण्ड पालना भए-नभएको सम्बन्धमा दैनिक अनुगमन गरी पालना नगर्ने व्यक्ति तथा संस्थाहरूलाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गरी सोको विवरण कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र तथा गृह मन्त्रालयलाई नियमित रूपमा पठाउने।

(च) मास्क लगाउन लगाउने, जनस्वास्थ्यका मापदण्ड पालना गर्न लगाउने तथा कोभिड विरुद्धको खोप लगाउन सहजीकरण गर्ने कामका लागि आवश्यकताअनुसार नेपाल स्काउट तथा राष्ट्रिय सेवा दललाई परिचालन गर्ने।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :



(छ) यस आदेशमा उल्लेख भएदेखि बाहेक कोभिड-१९ को रोकथाम, पहिचान, निदान र उपचारलाई प्रभावित गर्ने अन्य कुनै क्रियाकलाप नियमन वा नियन्त्रण गर्नु पर्ने भएमा कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रसँग समन्वय गरी आवश्यक व्यवस्था गर्ने गराउने।

२९. संस्थाको साधारण सभा वा बैठकमा भर्चुअल र भौतिक उपस्थितिलाईसमेत गणपूरक सङ्ख्या मान्ने र सम्बन्धित संस्थाको गणपूरक सङ्ख्या सम्बन्धमा भर्चुअल उपस्थितिलाईसमेत गणपूरक सङ्ख्यामा गणना गर्ने गरी व्यवस्था गर्ने।

३०. जुनसुकै सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट सङ्क्रमित भएमा अस्पताल बसेकोमा अस्पतालबाट डिस्चार्ज भएको तीन दिनसम्म तथा होम आइसोलेसनमा बसेकोमा सात दिनसम्मको लागि र कन्ट्याक्ट ट्रेसिङमा परेकोमा सम्बन्धित सुपरिवेक्षकको अनुमति लिई कोभिड-१९ परीक्षण नगरेसम्म बढीमा पाँच दिनसम्मको लागि निजको संचित वा पाउने बिदाबाट कट्टा नहुने गरी बिदा जनाउने।

३१. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी सङ्घसंस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु गराउनु पर्ने।

३२. व्यावसायिक, पेशागत र सामुदायिक सङ्घ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्नु पर्ने।

३३. यो आदेश कार्यान्वयन गर्न केन्द्रमा कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र, प्रदेशमा प्रदेश निर्देशक समिति, जिल्लामा जिल्ला कोभिड व्यवस्थापन समिति र स्थानीय तहले समन्वय तथा सहजीकरण गर्ने र नियमित रूपमा प्रतिवेदन गर्ने।

३४. जिल्ला खोप समन्वय समितिले जिल्लामा कोभिड-१९ विरुद्धको खोपको कभरेज वृद्धि गर्ने तथा खोप लगाउन योग्य नागरिकहरूलाई खोप उपलब्ध लगाउने व्यवस्था मिलाउने।

३५. यस आदेशमा लेखिएकोमा यसैबमोजिम र अन्यमा कुराको हकमा नेपाल सरकारले अन्य आदेश वा सम्बन्धित मन्त्रालयले जारी गरेका मापदण्ड वा आदेशबमोजिम हुनेछ।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

३६. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारबाही र सजाय हुनेछ।"

(शंकरदास बैरागी)
मुख्यसचिव

बोधार्थ तथा कार्यार्थः
श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।